# मनसुनजन्य घटनाहरुको अध्यावधिक विवरण मिति २०७८।०२।३१ देखि २०७८।०५।०७ गते १७:०० बजे सम्म ।

| सि.न. | जिल्ला | घटना विवरण | मृत्यु | बेपत्ता | घाईते | भौतिक क्षति-निजि घर | | भौतिक क्षति सार्वजनिक पुल,सडक,विद्यालय | आयोजनाको क्षती | उद्धार तथा प्रतिकार्य भएको | तत्काल गर्नुपर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | | | | | |
| १ | वाजुरा | वाढी | १ | १ | ० | ११ | ५ | | | बुढिनन्दा नगरपालिका ७ समालगाउं बस्ने रबि कडराको कच्ची घर बर्षातका कारण भत्किन गई घर पुर्ण रुपमा क्षती भएको, निजको ६ जनाको घर परिवार संख्या ऐ. स्थित स्थानिय मन कडराको घरमा बसेको,प्रहरी टोली खटिई गएको।<br>बर्षाका कारण त्रिवेणी न.पा.९ ताम्सु बस्ने बर्ष ४५ की लाली थापाको कच्चि घर पुर्ण रुपमा क्षती भएको, निज महिला आफन्तको घरमा सुरक्षित बसेकी (अन्य परिवार भारत तर्फ रहेका भन्ने बुझिएको ) | | |
| २ | गोरखा | वाढी | ४ | २ | २ | १६ | ५८ | १ झोलुङ्गे पुल तनहुँ तर्फको भाग भासी क्षति भएको | | चुम्नुम्ब्री गा.पा. ३ सल्लेरीमा हेलि बाट २ जना उद्धार, ४७ वटा त्रिपाल र प्लाष्टिकसिट ३० थान पठाईएको। ३/१९ गते सिरानचोक गा.पा. ७ उपल्लो गोहोरे स्थितमा बस्ने बर्ष अ. ८० को रमन पाण्डे र निजकी श्रीमति बर्ष अ.७० कि नन्द कुमारी पाण्डेको ढुङ्गा माटोले बनेको टिनले छाएको १ तले कच्ची घर माथिबाट पहिरो खस्न गई घर पुरिएको,२ जना पुरिएको अबस्थामा शव फेला पारेको। ३/२२ गते प्राप्त जाहेरी अनुसार हाल सम्म चुमुनुब्री गा.पा १ सामागाऊं मा पहिरो बाट ८० घरधुरीको ४०० जना विस्थापित भएको,७० घरधुरीलाई भुकम्पपछीको पुन निर्माण गरिएको घरमा सारिएको,२ घर लाई गुम्वामा राखिएको।हाल सम्म घर पुर्ण क्षती -१६,आंशीक क्षती-५८ र १४२ घर सामान्य क्षती भएको जानकारी प्राप्त भएको। आरुघाट गा.पा.३ सोती स्थित फुडगी खोला खोल तर्ने क्रममा बर्ष २६ को किरण लामालाई उक्त ठाडो खोलाले वगाई लगेकोमा स्थानीयले देखी बेहोस अबस्थामा उद्धार गरी प्रा.स्वा.केन्द्र आरुघाट लगिएकोमा उपचारको क्रममा मृत्यु भएको।<br>चुमनुब्री गा.पा.३ घट्टेखोला स्थित बग्ने ठाडो खोलामा अं.बर्ष ३० को बिजय गुरुङ दिदीको घरबाट दिदीसँगै घर फर्किने क्रममा काठको पुलबाट खसी बेपत्ता भएको। | | |
| ३ | मनाङ | वाढी | ० | ० | ० | ५९ | २० | सडक-१,बेलिब्रिज-१<br>सामुदायिक भवन-१,झो.पु.-८,पक्कि पुल-२ ,मोटरेवल काठेपुल-७,सरकारी कार्यालय-४, स्कुल - १,बैङक् -२ | १<br>विद्युतिय पावर हाउस - ४ (२ पुर्ण क्षती,२ वटाकोपाईप लाईन बगाएको। | ३/११ गते चामे गा.पा.४ चामेमा मर्स्याङदी नदिको वहावले लोक प्रिय मा.वि.को ३ वटा कोठा कटान गरि लगेको।<br>चामे गा.पा./नाशों गा.पा.,डिस्याङ र नार्पाभुमि गा.पा. का विभिन्न स्थानहरुमा ४० घर पुर्ण क्षती,२८७ घर जोखिम,१५० घर विस्थापित रहेको। प्रभावित मानिसहरुलाई सुरक्षति स्थानमा सारिएको।<br>चामे गा.पा.४ र ५ जोड्ने झलुङगे पुल मर्स्याङदी नदिको बहाबले कटान गर्दा पिल्लरमा भाँचिएको र क्षती पुगेको। मानिस आवतजावत गर्न नमिल्ने। | | |
| ४ | सि.पा. | वाढी | ५ | २० | ६ | ४४८ | ० | पक्कि पुल-८,<br>झो.पु.-१५<br>माछा फर्म -१०<br>अन्य सरकारी भवन -३२<br>१ फर्निचर उघोग सामुदायीक भवन -१ | १ | हाल सम्म - १२३ जनालाई सकुशल उद्धार गरिएको।केन्द्र सरकार,प्रदेश, स्थानीय सरकार र विभिन्न संघ संस्था वाट राहत उपलव्ध भएको,पाँचपोखरी/हेलम्वु भोटेकोशि र मेलम्ची का विभिन्न स्थानमा गरी **५२५ विस्थापित घर परिवार** संख्या लाई सुरक्षित स्थानमा राखीएको, हाल सम्म **६२७ घर जोखिममा रहेको।०३/११ गते भोटेकोशि गा.पा.४ च्यामडाडा स्थित ५ घर परिवार जोखिममा रहेको,निजहरु सुरक्षित स्थानमा अस्थाई टेण्डको टहरा बनाई बसेको। १७ गते ००:४० बजेको समयमा मेलम्चि खोलामा एक्कासी आएको वाढीले बगाई निम्न अनुसार क्षती भएको। तिन वटै सुरक्षा निकायको परिचालन भएको। निम्न (हाल सम्म क्षती ) १. घर - ५३,२.पक्कि पुल - १ (र हेलम्बु गा.पा.७ मा रहेको ३-७ जोड्ने १ पक्की पुल बगाएको ) २ पक्कि पुल खोलामा आएको वाढीले छोपिएको,३.झलुङ्गे पुल - १ हेलम्वु गा.पा.४ स्थित रहेको(३ र ४ जोड्ने )४.सामुदायिक भवन - १ (रेडयो भवन)हालको अबस्था पानी नपरेको तर खोलाको वहाव सामान्य घटेको ।ईष्ट पोइन्ट स्कुल -१** | | |
| ५ | प्यूठान | वाढी | २ | ० | mail.com / bikalsan | १ | १ | | | २२:१५ बजेको समयमा प्यूठान न.पा. २ चिठ्ठीखोला बस्ने बर्ष ७१ की टिका थापाको दुई तले कच्ची घर बर्षाको कारण भत्किन जाँदा टिका थापा घाईते भई उपचारको लागि जिल्ला अस्पताल बिजुवार पठाईएकोमा थप उपचारको लागि बुटवल तर्फ ल्याउंदै गर्दा बाटोमा मृत्यु भएको।<br>नौबहिनी गा.पा.५ डामृ बस्ने टकमान सुनारको २ तले कच्चि घर पहिरोले पुरिएको। परिवार आफन्तको घरमा बसेको। | | |
| ६ | पाल्पा | अविरल वर्षा | ५ | ० | ७ | ५ | ० | | | ३/२४ गते तिनाउ गा.पा.:-५ गिट्टिखानी स्थित सिद्धार्थ राजमार्गको साईडमा रहेका घरहरु माथिबाट लेदो,ढुङ्गा सहितको पहिरो झरि ४ ओटा घर पुर्णरुपमा पुरिएको ,१ ओटा घरभित्र डुङ्गा माटो सहितको पहिरो झरी पुर्ण रुपमा क्षेति भएकोमा वर्ष ४०/४५बीर ब.गुरुङ्गको च्यापिएर मृत्यु भएको, बर्ष ४ को आरोप परियार बेपत्ता भएको र ७ जना घाईते भएकोमा घाईतेलाई उपचारको लागी लुम्विनी मेडिकल कलेज पाल्पा ल्याउँदै। प्रहरी टोली खटिई गई उद्धार कार्य जारी।**बर्ष ४ आरोप परियार को पुरिएको अबस्थामा फेला परेको। थप अपडेट: घाईते मध्य वर्ष ७५ की सुन्दरी गुरुङको उपचारको क्रममा ऐ. २५ गते राति मृत्यु भएको। अन्य ६ जना घाईते उपचार पश्चात डिस्चार्ज भई गएको।**<br>**तिनाहुं गा.पा. ६ डुम्रे स्थित लु ४ त ६६२९ नं.को ट्याक्टर हिलोमा भाषिन गएको र JCB ल्याई उक्त ट्याक्टर निकाल्ने क्रममा अचानक माथि बाट पहिरो झर्न जादा JCB र ट्याक्टर पुरिन जादा JCB चालक रैनादेबि छहरा गा.पा.-१ बस्ने बर्ष २० को सरोज बुढा घाईते भएको अबस्था मध्यम र ट्यक्टर मा लेबर काम गर्ने बर्दिया अस्मेरी गा.पा. ३ घर भएको बर्ष २७ को महेन्द्र पुन घाईते भई उपचारको लागी लुम्बिनि मेडिकल कलेज प्रभाष पाल्पा पठाईएकोमा उपचारको क्रममा राति ०२:४५ बजे मृत्यु भएको, बर्ष २० को सरोज वुढाको ऐ. हस्पिटलमा उपचार हुंदै** | | |
| ७ | लमजुङ | वाढी | ० | ० | ० | ३५ | ५६ | मन्दिर-१,आमा समुहको भवन-१ झो.पु.२ सरकारी-१ (वन सव डिभीजन का.) | १२ | दोर्दी गा.पा.,मर्स्याङदी ग.पा.,क्व्होलासोथार गा.पा.मध्यनेपाल न.पा.,वेशीशहर न.पा.राईनस न.पा.का विभिन्न स्थानहरुमा गरी ५२ घर धुरी जोखिम रहेको र मानिसहरु आफन्त,छिमेकीकोमा बस्दै आएको। | | |
| ८ | डोटी | पहिरो | ४ | ० | ३ | १ | ० | | | दिपायल लगडी न.पा.५ जडिङगेवाघमारे माथिवाट पुरिएको अवस्थामा २ शव फेला परेको।<br>पुर्बीचौकी गा.पा. ४ बस्ने भिम मिजारको छोरी बर्ष ५ कि मिनु मिजार गाई बाख्रा चराउन गण्डिगार्ड तर्फ गएकिमा ऐ.खोलाले बगाई वेपता भएकोमा पुर्बीचौकी गा.पा. १ साँझघाट **खोलाको किनारमा १३ गते मृत अवस्थामा फेला पारेको।**<br>**सिलगढी न.पा.५ बागठाटा जोगी भुलको २ तले कच्चि घरको अबिरल बर्षाको कारण धुरी भाचिन गई घर क्षती भएको,मानिसहरुलाई सुरक्षित स्थानमा सारिएको ।** | | |

| सि.न. | जिल्ला | घटना विवरण | मृत्यु | बेपत्ता | घाईते | भौतिक क्षति- निजि घर | | भौतिक क्षति सार्वजनिक पुल,सडक,विद्यालय | आयोजनाको क्षती | उद्धार तथा प्रतिकार्य भएको | तत्काल गर्नुपर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | | | | | |
| ९ | जुम्ला | हिमपहिरो | ४ | १ | ३ | ३ | ० | | | १ जना मध्यम,१ जना सामान्य घाईते रहेको,घाईते वर्ष ३० को तारा नेपाली लाई कर्णाली स्वास्थ्य प्रतिष्टान जुम्लामा ल्याएको। उपचार हुंदै। हिमा गा.पा.वडा नं. ६ खरि ढुंगा भन्ने स्थानमा गाँउ माथि वाट विभिन्न स्थानमा पहिरो आई १६ घर परिवारका ११७ जना मानिसलाई आफन्तकोमा राखिएको।४-५ गते गुठ्ठीचौर गा.पा.४ उखाडी बस्ने बर्ष ६२ को रुपाचन्द्र अधिकारी गोठमा सुतिरहेको अबस्थामा घर माथीबाट पहिरो आई गोठ पुरिदा निज रुपा चन्द्र आधिकारी घाईते भई उपचारको लागी स्वास्थ्य विज्ञान प्रतिष्ठान कर्णाली पठाईएको, अबस्था गम्भिर । ४।१२ गते पातारासी गा.पा-३ छुमा बस्ने बर्ष ३५ की सर्मिला बुढा ऐ.स्थीत छुमा खोलामा रहेको घट्टमा मकै पिस्न भनि गएको अवस्थामा बर्षातका कारण एक्कासी बाढी आई बगाई बेपता भएको बाढीले उक्त स्थानमा रहेका ४ वटा घट्ट समेत बगाएको।४/२८ गते १८:०० बजेको समयमा तातोपानी गा.पा.- ७ बस्ने वर्ष ३५ कि जैयसरा रावत, निजको छोरा वर्ष १० को सन्देश रावत र ऐ.वस्ने वर्ष ६० को बिर्खे रावत पाटनमा खिरौला जडिबुटी खोजी घर फर्कने क्रममा घट्टे खोला नजिक कै आएको दल्दले हिलो सहित पहिरो आई खोलाले बगाई मृत्यु भन्ने खवर ०४।२९ गते खबर प्राप्त हुन साथ प्रहरी टोली खटिई गएको। ३ जनाको लाश फेला परेको। | खरि ढुंगा भन्ने स्थानमा गाँउ माथि वाट विभिन्न स्थानमा पहिरो आई १६ घर परिवारका ११७ जना मानिसलाई आफन्तकोमा राखिएको। | |
| १० | अर्घखाँची | वाढी | २ | ० | ० | १२ | ० | | | पाणिनी गा.पा.५ मैदान बस्ने मेघ राज घिमिरेको बनाउदै गरेको घरमा पलसटरको काम गदै गरेको कामदार ऐ. ६ लामडाँडा बस्ने बर्ष ४३ को मन बहादुर सुनार लाई अबिरल बर्षाको कारणले घरको माथिबाट पहिरो आई निज लाई पुरेकोमा खो.त. गर्दै जाने क्रममा २१:३० बजे JCB द्धारा लाश सोहि स्थानमा फेला परेको। | | |
| ११ | कास्की | वाढी | १ | ० | ३ | १६ | ३ | सडक-१,स्कुल-२<br>फलामे पुल-१ | ५ | पोखरा म.न.पा.-११,अन्नपुर्ण गा.पा.८,मादी गा.पा.-१७ र रुपा गा.पा.१ गरी जम्मा ३७ घर परिवार विस्थापित भएको। पोखरा म.न.पा.३२ सीतागुफा अबिरल बर्षाको कारण राम बहादुर भुजेलको १ तले कच्ची घरको पछाडी अं.१५ मिटर माथीबाट पहिरो आई उक्त घरको २ वटा कोठा पुरिई क्षति भएको। पोखरा म.न.पा.१८ चङ्कपुर र २३ मार्गी जोड्ने हर्पन खोलाको फलामे पुल मानिस हिड्ने पुल पिल्लर बगाई पुल भत्काएको।<br>पोखरा म.न.पा. वडा नं.२४ कास्कीकोट बर्ष ६३ की बिष्णु माया बास्ताकोटीको २ तले कच्ची घर अबिरल बर्षातको कारण पछाडीको गाह्रो भत्किएको, अगाडीको गाह्रो चर्किई क्षति भएको उक्त घरका ५ जनाको परिवार आफन्तको घरमा बसेको। | | |
| १२ | काभ्रे | वाढी | १ | ० | ० | ० | ० | | | तिमाल गा.पा.-७ बस्ने बर्ष २३ की गिता शाह ऐ.ऐ.देबिटार स्थित सुनकोशी नदीमा बगाएर ल्याएको सामान खोज्ने क्रममा वगाई वेपत्ता भएकोमा आज ३ गते १२:४५ बजे फेला परेको।पोखरा म.न.पा. १४ रातामाटा स्थितमा ऐ.ऐ. बस्ने बर्ष ५५ को अमर ब. सार्कीको घरको पछाडीको गारो भत्कन जाँदा अमर ब. सार्की घाईते भई उपचारको लागी पश्चिम क्षेत्रीय अस्पतालमा पठाएको, अवस्था मध्यम, सोही घरमा बस्न मिल्ने। | | |
| १३ | रुपन्देही | नदिले वगाई | १ | २ | ० | ० | ० | | | मायादेवी गा.पा. ५ गोनाहा स्थित झुलुङ्गे पुलबाट बर्ष ६ को काजु जैसवाल पुलबाट अचानक तिनाउ नदीमा खसी नदीमा बेपत्ता भएको, खोजतलास कार्य भईरहेको।<br>२०७८।०३।३० गते दिउंसोको समयमा सैनामैना नगरपालीका १० स्थितमा रहेको कञ्चन खोलामा पिताम्बर न्यौपानेको छोरा बर्ष ९ को सुजन न्यौपाने र ऐ.बस्ने लिला मणी पाण्डेको छोरी बर्ष ९ की गंगा पाण्डे खेल्ने क्रममा एक्कासी खोलामा बाढी आई बगाएकोमा प्रहरी द्धारा खो.त. गर्दै जाने क्रममा १७:०० बजे वर्ष ९ की गंगा पाण्डेको मृत अबस्थामा लाश फेला परेको। बर्ष ९ को सुजन न्यौपाने वेपत्ता खो.त.कार्य जारी। | | |
| १४ | कालिकोट | पहिरो | २ | १ | ० | ० | ० | | | मिति २०७८।०३।०६ गते पलाता गा.पा. ९ थिर्पु बस्ने बर्ष ३४ को जंग बम कर्णाली नदीमा दाउरा निकाल्ने क्रममा बगाई बेपत्ता भएको,खो.त.कार्य जारी।<br>नरहरीनाथ गा.पा.६ काभ्रारुख स्थित वर्ष २१ की शरना दर्जी ऐ. स्याउले खोला स्थित बाख्रा गोठालो गएकोमा माथिबाट एक्कासी पहिरो आई च्यापिन पुगि घटनास्थलमै मृत्यु भएको, प्रहरी टोली द्धारा लाश निकाली,मुचुल्का पश्चात पो.मा.को लागी पठाईएको। | | |
| १५ | सप्तरी | वाढी | २ | ० | ० | ० | ० | | | अग्निसाईर कृष्णसावरण गा.पा.१ जन्डोल बस्ने महाकुमारी शाहा लाई महुली जंगलमा बाँसको तामा काटन गएको र फर्किने क्रममा ऐ.१३:०० बजे महुलीखोलाले महा कुमारी साहलाई बगाएको,मा खो.त.गर्दै जाने क्रममा खोलाको दोभानमा शव फेला परेको। | | |
| १६ | मुस्ताङ | पहिरो | ० | ० | ० | १ | ० | | | | | |
| १७ | वझाङ | पहिरो | १ | ० | १ | ३ | ० | | | छबिसपाथिभेरा गाउपालीका १ भ्याकुतेखोला,धामीखाना बस्ने बर्ष २५ को मोहन गिरी सिचांईको नहर बन्द गर्न जाने क्रममा माथिबाट पहिरो आई घाइते भई प्रा.स्वा.के.देउरा बझाङमा उपचार भइरहेको ,अबस्था मध्यम।<br>छबिसपाथिभेरा गाँउपालिका ३ सोति गाउँ बस्ने जोगी कामीको २ कोठे १ तले कच्चि घर अविरल वर्षाको कारण भत्कन गई क्षति भएको।<br>बुङगल न.पा.७ अटपालीचोरेझारडांडा पहिरो आई सानिगाड खोलाको पानी थुनिन गई नजिकमा रहेका बस्तिहरुलाई जिखिम हुन सक्ने। १२:३० बजेको समयबाट बग्न सुरु भइसकेको।सोहि पहिरोका कारण ऐ.६ बस्ने बले धामीको कच्ची घर पुर्ण रुपमा क्षति भएको | | |
| १८ | चितवन | पहिरो | २ | ३ | १ | ५ | ० | ३/१७ गतेको वाढीले बगाएको पक्कि पुल-२ | | ३/१७ गते रत्ननगर न.पा.८ रमाईलो डांडा स्थित वुढी राप्तीमा अबिरल बर्षाको कारण आएको वाढीले ऐ. बस्तिमा पानी पसि २० घर परिवारको अं. १०० जनाको संख्या बिस्थापित भएकोले, ६० जनालाई वोर्डिङ स्कुलमा र ४० जनालाई छिमेकीको घरमा राखीएको। ३/१७ राप्ती न.पा. १२ बस्ने मोतिराम चेपाङको घर पहिरोले बगाउंदा चेपाङ सहित ४ जना पहिरोमा पुरिएको,१ जना मोतिलाल चेपाङ्गको शव फेला परेको ,वेपत्ताको खोज तथा उद्धार कार्य जारी। प्रहरी टोली परिचालन भएको। कालिका न.पा.११ वर्ष५१।५२को ज्ञान ब.चेपाङ्ग आफन्तको जाने क्रममा माथीबाट पहिरो आई पुरिएको,अं.**१ किमि तल शव फेला परेको, प्रहरी जान नसकेको।** | | |
| १९ | हुम्ला | पहिरो | ० | ० | ० | ४ | ५ | | १ | | | |
| २० | पाँचथर | पहिरो | ३ | ० | १ | ० | ० | | | पाँचथर याङवरक गा.पा. २ स्थित नुवाखोलामा पानीको कुलो बनाउने क्रममा माथिवाट ढुङ्गा सहितको पहिरो झर्दा, वर्ष ५८ को टेकनाथ धौरालीको टाउको लाग्दा घट्ना स्थलमानै मृत्यु भएको। १ जना घाईते घाईतेको उपचार हुंदै। डिस्चार्ज भएको।<br>फिदिम न.पा. १ स्थित हरी घिमिरेको घरमा डेरा गरी बस्ने वर्ष १५ की संगिता राईलाई ट्याईलेट गएको अवस्थामा जिल्ला बन कार्यालय पाँचथरको पर्खाल भत्की ट्वाईलेट भित्र पुरिएकोमा प्रहरी टोली खटिई गई निज घाईतेलाई उद्धार गरी समर्पित अस्पताल पाँचथरमा ल्याई उपचार भईरहेको, अवस्था गम्भिर रहेको। थप उपचारकोलागी B&C झापा रिर्फर गरिएकोमा उपचारको क्रममा मिति २०७८।०३।२५ गते राती २१:०० बजे मृत्यु भएको।हिलिहाङ गा.पा.५ सुभाङ स्थित मध्यपहाडी लोकमार्गको भित्ता साईटमा ग्याबिन भर्ने काम भईरहेकोमा माथिवाट पहिरो झरी रसुवा कन्ट्रक्सनको कामदार तेहथुम आठराई गा.पा. ५ छातेढुंगा बस्ने बर्ष २७ को टिका मोक्तानलाई पहिरोले पुरेको भन्ने खबर प्राप्त हुन साथ प्रहरी टोली खटिई गई पुरिएको मानिसलाई पहिरोबाट उद्धार गरि निकाल्दा निजको मृत्यु भईसकेको। | | |
| २१ | रोल्पा | पहिरो | ३ | ० | ५ | ७ | | | | रोल्पा न.पा.९ हवामा बस्ने बर्ष ४० को टिका सिंह वुढाको घर माथीवाट पहिरो आई घर बगाई ३ जना बगाई बेपत्ता भएको, ३ जना मृत अबस्थामा शव फेला परेको। ३ जना घाईते डिस्चार्ज भएको।<br>३/१५ गते रोल्पा न.पा.१० धवाङ स्थित जलजला फेदीमा वाख्रा चराउन गएका २ जना जमिन भासिई घाईते,जिल्ला अस्पतालमा उपचार हुंदै।<br>रोल्पा सुनछहरी गा.पा.१ न फुलिव बाच्छा डाडा स्थितमा प्रदेश सरकारबाट प्रत्येक घर धुरिलाई ३ लाख ५० हजार अनुदान दिई बनाईएका नमुना एकिकृत वस्तीका ४ वटा घर क्षति भएको ,परिवारलाई ऐ.ऐ.स्थित पुर्नवास वस्तिमा सारीएको र अन्य ५ (पाँच) घर जोखिममा रहेको। | | |

| सि.न. | जिल्ला | घटना विवरण | मृत्यु | बेपत्ता | घाईते | भौतिक क्षति-निजि घर | | भौतिक क्षति सार्वजनिक पुल,सडक,विद्यालय | आयोजनाको क्षती | उद्धार तथा प्रतिकार्य भएको | तत्काल गर्नुपर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | | | | | |
| २२ | दोलखा | बाढी | ० | ० | ० | ० | ० | | १ | गौरीशंकर गा.पा. ७ कोप्लाङ स्थित निर्माणाधिन अवस्थामा रहेको माईक्रो हाईड्रोपावरमा अविरल बर्षाको कारण बिभिन्न सामाग्रीहरु बगाएको र ३७ जना कामदारहरु सुरक्षित स्थानमा रहेको । | | |
| २३ | दाङ | बाढी | ५ | २ | ३ | ४ | ० | | | लमही न.पा.३ फल्कापुर बस्ने बर्ष ३० को मानराम चौधरी आफ्नो खेतबारीमा काम गरी फर्कन क्रममा खोलाले बगाई घाइते भई उपचारको क्रममा मृत्यु भएको । घोराही उ.म.न.पा.११ शिवपुर बस्ने वर्ष ५०/५२ की मिना भण्डारीलाई जितपुर देखी शिवपुर आफ्नै घर तर्फ जादै गर्दा बगाले खोला तर्ने क्रममा, बगाई बेपत्ता भएको । ३/१४ गते बंङ्लाचुली गा.पा.३ कात्तिके बस्ने **बर्ष ७१ को टन बहादुर बि.क. खेतमा रोपाई गरी फर्कने क्रममा खोलाले बगाई बेपत्ता भएको खो.त.कार्य जारी ।३/२१ गते घोराही उ.म.न.पा. १९ घोरधौरा बस्ने बर्ष अ.५० कि हुमा खड्कालाई अरुण खोलाले बगाएकोमा प्रहरी द्धारा घटना स्थल बाट ३०० मिटर तल मृत अबस्थामा शव बाहिर निकालिएको ।३/२४ दाङ घोराही.उ.न.पा. -१७ क्वाडि बस्ने आसाराम चौधरीको अबिरल बर्षाको गोठ भत्कीनजादा गोठ निजक रहेको घरको २ वटा कोठाको तर्फको वाल भत्कन जांदा बर्ष ३० की मनिसा चौधरी, बर्ष ९ की बाटुली चौधरी घाईते ( अबस्थामध्यम) छोरी ३ महिनाकी बिन्दु चौधरी को घटना स्थलमै मृत्यु भएको दुबै घाईतेको राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा उपचार हुंदै, ३ महिनाकी बिन्दु चौधरीको पुरिएको लाश निकालिएको ।**<br>**घोराही उ.म.न.पा.-१८ फुस्रेखाली बस्ने बर्ष ५६ कि धनजिता बुढामगरको कच्ची घर बर्षातको कारणले भत्किदा निज घाईते भएकी । जि.प्र.का. दाङ बाट प्र.ना.उ. को कमाण्डमा ३५ जनाको प्रहरी टोली खटि गई प्रहरी र स्थानियको सहयोगमा घाईतेलाई उद्दार गरी उपचारको लागि राप्ती** | | |
| २४ | संखुवासभा | बाढी | ० | ० | ० | १ | ० | | | भोटेखोला गा.पा. ५ कपासेस्थित अरुण नदिको कटानबाट **१७ घर जोखिममा** रहेको,३ घर सारिएको र वाँकी सार्ने क्रम जारी । वहाव घट्दो क्रममा रहेको ।<br>सिलीचोङ गा.पा. १ तेन्छोङ छतिस कुमार राईको १ तले कच्ची घरमा अं.३० मिटर माथिबाट झरेको पहिरो झरि सोही ठाउमा रहेको ढुङ्गा समेत झरी उक्त घर पुर्ण रुपमा क्षति भएको । | | |
| २५ | रौतहट | बाढी | ३ | ० | १ | ७ | १ | | | माधवनारायण न.पा.८ पिपरारजवडा टोल बस्ने उपेन्द्र महतोको छोरा बर्ष ३ को राजकुमार महतो आफ्नै दिदी संग बाख्रा चराउन गएकोमा अचानक चिप्लीन गई बाग्मती खोलामा बेपत्ता भएकोमा १८:३० बजे मृत फेला परेको । ३/१७ गते गौर न.पा. ४ टिकुलिया बस्ने ढोडा चनौको छोरा बर्ष २५ को प्रमोद चनौ घरबाट खेत रोपाईको लागी टिकुलीयाघट बाट बकैयाखोला तर्ने क्रममा सोही खोलाले बगाई मृत्यु भएको ।<br>३।१८गढीमाई न.पा.६ सिगारमन धरमपुर वंशराज राय यादवको एक तल्ले कच्चि घर वर्षाको कारण भत्किई पुर्ण रुपमा क्षति ।<br>३/२५ गते दुर्गाभगवती गा.पा.-१ पिप्रा घाट स्थीत झाझ खोलाको किनारमा यमुनामाई गा.पा.-१ बस्ने रामबिनय प्रसाद पटेलको छोरी बर्ष ९ की कुस्बु कुमारी पटेल वाख्रा चराउन गएकोमा सोही खोलामा नुवाउने क्रममा बेपत्ता भएको । खो.त.कार्य जारी। १२:४० बजे मृत अबस्थामा लाश फेला परेको । | | |
| २६ | पर्सा | वाढि | ० | ० | ० | ० | ० | | | जगरनाथपुर गा.पा.वडा नं.४ सोहपुर बस्ने किसुन दास र राजेन्द्र दासको फुसको घरमा हडै नदीको पानी अं.२ फिट पसि २ घर परिवारको १४ जनालाई ऐ.स्थितमा रहेको ने.रा.प्रा.बिध्यालय सोहपुर सोहरीमा सुरक्षित साथ राखिएको | | |
| २७ | सर्लाही | अबिरल बर्षा | १ | ० | ३ | ९ | ० | मन्दिर-१,महिला समुह भवन-१ | | मलङ्गा न.पा.६ खुटौना अबिरल बर्षाको कारण सुशिला देवी महराको २ तले कच्चि घर घर भित्र १० जना सुतिरहेकोमा अबस्थामा भत्कन गई ३ जना घाईते भएको,उपचारको लागी जिल्ला अस्पताल पठाईएको,घर पुर्ण क्षति भएको । ३/२१ गते ईश्वरपुर न.पा.१३ स्थित बाँके खोलामा बर्ष ४५ को रामचन्द्र महतो र निजको श्रीमती बर्ष ४० की रहन्ति देवि महतो घर फर्किने क्रममा उक्त खोला पार गर्दा रामचन्द्र महतोलाई खोलाको पानीले बगाएको निजको श्रीमति खोलाको बिचमा अड्किइएको स्थानिय मानिस र प्रहरीको सहयोगमा निज रामचन्द्र महतो लाई अ.५०० मिटर दक्षिण सोही खोलाबाट उद्धार गरी बाहिर निकाल्दा मृत अवस्था रहेकोमा महिलालाई उक्त खोलाबाट स-कुशल उद्दार गरिएको निजको अवस्था समान्य रहेको । | | |
| २८ | तनहुं | पहिरो | ५ | १ | १० | १५ | ४ | ३/१७ गते पक्कि पुल-१ | | **भानु न.पा.८ गौरिफाँट स्थित डुम्रे बेशिशहर सडकमा पहिरो खस्दा बेशिशहर न.पा. १० बस्ने बर्ष २४ को सरोज रिमाल र बर्ष ३५ को सुनिल रावत घाईते भई उपचारको लागि लम्जुङको बेशिशहर तर्फ लगिएको, अवस्था गम्भिर, । व्यास न.पा.९ माझफाट बस्ने बर्ष ८० को नर बहादुर कलष्टिक खोला तर्ने क्रममा बगाई बेपत्ता,**<br>**रिसिङ्ग गा.पा.८ मजकोट बस्ने बर्ष ४० को खेम ब.थापा गोठमा पानीको भल तर्काउने क्रममा माथिबाट पहिरो आई पुरिएको । खोज तलासको लागी प्रहरी घटनास्थलतर्फ जादैं ।**<br>**१५:४० बजे पुरिएको अबस्थामा लाश फेला परेको ।**<br>**रिसिङ गा.पा.७ डढविन स्थितमा पहिरो जांदा ७ घर मध्य ४ घर पुर्ण क्षती भएको,३ घर जोखिम रहेको,उक्त मानिसहरुलाई सुरक्षित स्थानमा बसेको ।रिसिङ गा.पा.७ डढविन बर्ष ५० की देबीसरा थापा घरबाट भाग्ने क्रममा पहिरो आई पहिरोले उछिट्याई रुखमा अड्किन गई मृत्यु भएको ।बन्दिपुर गा.पा.२ खहरे स्थित खहरे खोलाको वाढीले १ घर पुर्ण क्षती,३ घर आंशिक क्षती भएको ।**<br>**मिति २०७८।०३।२४ गते म्याग्दे गा.पा.७ घुम्ती बस्ने बर्ष ४०/५० को मईत बहादुर नेपालीलाई ऐ.७ म्याग्दे खोलाको पक्कि पुलबाट पुल तर्ने क्रममा भेलआई बगाएको मा आज ३/२५ गते ०८:३० बजेको समयमा मृत अबस्थामा फेला परेको ।** | | |
| २९ | धादिङ | बाढी | २ | १ | ६ | ० | ० | | | बेनिधट रोराङ गा.पा.५ विशालटार बस्ने बर्ष २० को लक्ष्मण विसुराल त्रीशुलि नदिमा माछा मार्ने क्रममा बगाई बेपत्ता भएको । खो.त.कार्य जारि ।<br>**३/१९वेनिघाट रोराङ गा.पा.१० ज्वाङखोला** स्थितमा पृथ्वीराज मार्गमा चितवनबाट काठामाण्डौं तर्फ जांदै गरेको ना८ख ४५४० ट्रक र ,म्याजीक ना७ ख ३२० को कन्टेनरट्रकमा माथीबाट ढुङहा सहितको पहिरो आई खस्दा ना७ख ३२० नं.को गाडीको **सहचालक बर्ष १८।१९को दोर्जे भन्ने विर बल प्रजाको घटनास्थलमा मृत्यु भएको**, सवार १ जनाको **बर्ष ४३ की सोनी देबी ऐ.६:३० बजे उपचारको क्रममा मृत्यु** भएको,५ जना घाईतेको गण्डकी अस्पतालमा उपचार हुंदै,<br>ना८ख४५४० नं.को गाडी मा सवार मध्य **२ जना घाईते को चितवन मेडिकलमा उपचार हुदै ।** | | |
| ३० | बारा | वर्षा | ० | ० | ० | ४ | ० | | | आदर्शकोतवाला गा.पा.३ बस्ने विगन शाह कानुको कच्ची घर वर्षाको कारण भत्की पुर्ण रुपमा क्षति भएको ।<br>सिम्रौनगढ न.पा ५ सानोईटवाल बस्ने बर्ष ३५ को अयुब अंसारीको घर अबिरल बर्षाको कारण भत्किनगई,परिवार संख्या ६ जना रहेको तत्काल छिमेकिको घरमा आश्रय लिई बसिरहेको,प्रहरी टोली खटिई गएको । | | |

| सि.न. | जिल्ला | घटना विवरण | मृत्यु | बेपत्ता | घाईते | भौतिक क्षति-निजि घर | | भौतिक क्षति सार्वजनिक पुल,सडक,विद्यालय | आयोजनाको क्षती | उद्धार तथा प्रतिकार्य भएको | तत्काल गर्नुपर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | | | | | |
| ३१ | सिन्धुलि | पहिरो | २ | ० | ० | १ | ० | | | कमलामाई न.पा.८ पहिरेमा आश्रमा बसोबास गर्ने बर्ष ६९ को माहात्मा गुरु लरिन बहादुर हिम्दुङलाई माथिबाट आएको पहिरोले घर भित्रै पुरिएकोमा निजलाई **मृत अवस्थामा उद्धार गरी प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी शव पो.मा.कोलागी पठाईएको ।**<br>**मरिण गा.पा.५ बडीमुहान बडीमुहानबाट दैउजोर तर्फ जाँदै गरेको प्रदेश २-०२-००१ त २६५७ नं.को ट्याक्टर मरिण खोलामा तर्ने क्रममा खोलामा बाढी आई ट्याक्टर बगाई खोलाको बिच भागमा पल्टिएको, ट्यक्टर चालक सहित ३ जना सवार मध्य, २ जना हाम फाली भागेको, १ जनालाई उक्त ट्याक्टरले किचिएकोमा प्रहरी द्धारा चालक घ्याङलेख गा.पा.३ बस्ने बर्ष ४८ को बल बहादुर गोलेलाई १७:३० बजे शव खोलाबाट बाहिर निकालीएको ।** | | |
| ३२ | अछाम | पहिरो | ० | १ | १ | ० | ० | पक्कि पुल - १ क्षती | | सांफेबगर न.पा.१३ बुढाबगर स्थित सांफेमार्तडी सडकखण्डमा जाली भर्न प्रयोग गरिएको ट्याक्टर अचानक माथीबाट ढुङगा खसी ट्याक्टर चालक घाईते,उपचारको लागी वयलपाटा अस्पताल पठाईएको ।<br>अछाम मेल्लेख गा.पा-१ र २ को बिचमा पर्ने लुड्ग्रेली खोलामा बाढी आई सेती लोकमार्गमा नयाँ निर्माण भएको मोटोरेबल पक्की पुलको सेटिङ्ग  भासिन गइ पुलको बिच भागमा टुट्न गई क्षती भएको।<br>मिति २०७८।०३।२८ गते रामारोशन गा.पा.६ ऐरना वस्ने बर्ष ३१ को चन्द्रबहादुर साउद बजार बाट घर फर्कने क्रममा चिप्लीन जांदा  कैलाश खोलामा परी बगाई बेपत्ता भएको,खो.त. कार्य जारी ।CDO सर बाट राख्ने भनेको । | | |
| ३३ | मोरङ | वाढी | ० | ० | ० | ० | ० | पक्कि पुल - १ क्षती | | रतुवामाई न.पा.३ चौकीघाट स्थित हुलाकी राजमार्ग अन्तर्गत झापा मोरङ जोड्ने रतुवा खोलामा बनाएको पक्की पुलको छेउबाट पानीले माटो कटान गरी अं.६० प्रतिशत जती बगाएको,आवगमन अवरुद्द । | | |
| ३४ | सिराह | वाढि | ० | ० | ० | ० | ० | पक्कि पुल-१ | | सिराहा ५/६ बसकट्टी स्थित हुलाकी राजमार्ग अन्तर्गत  कमला नदीको निर्माणधीन पक्कि पुलको पुर्व तर्फको भाग भासिएको। | | |
| ३५ | खोटाङ | अबिरल बर्षा | २ | ० | ३ | ४ | ० | | | हलेसि तुवाचुङ न.पा. ८ नमुनाभञ्ज्याङमा खालि रहेको पुरानो घरमा खेल्ने क्रममा अविरल वर्षाको कारण उक्त घर लडि  वर्ष १४ को राज कु. सार्कीको घटनास्थलमै मृत्यु भएको। २ जना घाईते भएको।<br>ऐ.न.पा.५ रातमाटे बस्ने बर्ष २४ को दिनेश राइको घर भत्कन जांदा निज घाईते भएको। स्थानीय मेडिकलमा उपचार हुंदै । मिति २०७८।०३।२४ गते<br> २०७८।०३।२७ गते साप्सु खोलामा निर्माण भईरहेको साप्सु हाईड्रो पावरमा काम गर्ने प्युठान प्युठान न.पा.१ धेचौर बस्ने बर्ष २५ को लाल बहादुर खत्री पानी सप्लाई गर्ने फलामको पाईप भित्र पसी वेल्डिङ गर्ने क्रममा पहिरोले पुरिएकोमा प्रहरीले खो.त.गर्दै जाने क्रममा २२:०० बजे मृत अबस्थामा लास फेला परेको। | | |
| ३६ | रामेछाप | अबिरल बर्षा | ० | ० | १ | २ | ० | झोलुङ्गेपुल -१ (३।१८) | | मन्थली न.पा.२ पिप्ले कठाजोर बस्ने बर्ष ५५को यक बहादुर मगरको २ तेल कच्चि घर भत्कन जांदा गाई चारवटा  गोरु एक वटा पुरिन गएको।मानवीय क्षती नभएको  ।सुनापति गा.पा. ३ खानिखोला स्थित रहेको ऐ ३ बाट वडा नं. १ मा जोड्ने झोलुङ्गे पुल भत्कि क्षति भएको।<br>मन्थली न.पा.१३ चिण्डे स्थित परमेश्वरी भुजेलको भुकम्प पिडीत घर पहिरोले पुरिएको,मानवीय क्षती नभएको।<br> खाँडादेवी गा.पा.-९ पिङखुरी बस्ने आसमान तामाङको गोठमा माथिबाट पहिरो आई गोठ भत्कन गएको मनोज पहरीको श्रीमती बर्ष ३०/३२ की सबिता पहरी भाग्ने क्रममा ढुंगाले  लागि घाईते भई फुलपा स्वास्थ्य चौकीमा लगी उपचार भईरहेको अबस्था सामान्य। | | |
| ३७ | सुनसरी | वाढी | ० | ० | ० | १ | ० | | | भोक्राहा नरसिंह न.७  स्थित सुनसरी खोला किनारमा रहेको बस्तिमा पानी पसि  १४ घर बिस्थापित भएको कारण निजहरुलाई सामुदायीक भवनमा स्थानान्तरणको लागी पहल भएको। घरान उ.म.न.पा.१३ कृष्ण तामाङको घर भत्किई ४ जना परिवार बिस्थापित भई अस्थाई टहरा बनाई बसेको,२ घर समेत जोखिम रहेको। | | |
| ३८ | धनुषा | वर्षा | ० | ० | ४ | २ | ० | | | नगराईन न.पा.८ अकौरा बस्ने ५३।५४ की लीला देवी दासको खरको छानो भएको कच्ची घर अविरल वर्षाको कारण भत्कन जाँदा निज समेत घाईते भएको उपचारको लागी प्रादेशिक अस्पताल जनकपुर पठाईएको।<br>धनुषा नगराईन न.पा. ६ लग्मा पछयरी टोल बस्ने सुबध मण्डलको घर अबिरल बर्षाको कारण घर भत्किदा सोही घरभित्र सुतिरहेको ३  जना मानिसहरु घाईते भई  उपचारको लागी स्थानीय मेडिकल मा पठाईएको। | | |
| ३९ | सोलुखुम्बु | ढुङ्गा खसि | ० | ० | ० | ३ | ० | विद्यालय-१ | | सोताङ्ग गा.पा.५ लिलाढुङ्गा बस्ने मोहन ब.तामाङ्को घर माथि बाट ठुलो ढुङ्गा खसि घर क्षति भएको ।आफ्नै अर्को घरमा सुरक्षित बसेको।<br> माप्यदुधकोशी गा.पा.०७ स्थित रहेको श्री पशुपति आधारभूत विद्यालयको कम्पाउण्ड भित्र रहेको ECB भवन ढुङ्गा,माटोको गाह्रो र टिनको छानो भएको २ कोठे भवन  माथि बाट ढिस्को खसी पहिरो जादाँ उक्त भवन पूर्ण रुपमा क्षति भएको। | | |
| ४० | मकवानपुर | पहिरो | १ | ० | ० | ७ | ० | पक्कि पुल-१, ०३।१८ | | राक्सिराङ् गा.पा ७ स्थित अविरल वर्षाको संगै पहिरोले ३ घर  पुरिएको र ५ घर जोखीममा रहेको,३ वटा गोरु बगाएको,पानी परिरहेकोले जान नसकेको।<br>गढी गा.पा. ३ र ५ जोड्ने सामारिखोला माथीको निर्माणाधिन पक्कीपुल अविरल वर्षाको कारण वगाई क्षति भएको राक्सिराङ्ग गा.पा.९ मरुवा डाँडा स्थित ऐ.बस्ने बर्ष ५७ को बिर बहादुर प्रजा डनटारबाट आफ्नो घरमा फर्कने क्रममा गोराङ्दी खोलाले बगाएकोले ऐ.१४:३० बजे सोही खोलाको बीचमा मृत अवस्थामा फेला परेको। | | |
| ४१ | उदयपुर | बाढी | ० | ० | ० | १ | ० | ३/१९ गते पक्कि पुल १ स्कुल-१ | | चौदन्डीगडी नपा वडा नं ५र ६ शिवाई बेल्टार जोडने त्रियुगा नदीमा निर्माणधिन पुल अबिरल बर्षाको कारणले  पिल्लर भासिदा पुलको स्याप्व भाचिएर झर्दा क्षति हुनुको साथै आवतजावतमा  अबरुद्ध भएको।<br>१/२० गते पदमराई मा.वि. अबिरल बर्षाको कारण क्षती। | | |
| ४२ | न.प.पुर्व | अबिरल बर्षा | ० | ० | ० | ७ | ० | ३/२५ गते पक्कि पुल-१ | | मानबीय क्षती नभएको ।बौदिकाली गा.पा.६ नगरडाडा बाट ऐ.वडा नं.४ र ५ तर्फ जाने कच्चि सडकमा पर्ने निरन्दी खोलामा रहेको १९ मिटर लम्वाई भएको मोटरेवल पक्कि पुल अबिरल बर्षातको कारण भत्किई पुर्ण रुपमा क्षेती।<br>मिति २०७८।०३।२४ गते हुप्सेकोट गा.पा.५ वाकखोर स्थित खानि खोलामा आएको बाढीले जमिन कटान गरी बस्ती रहेको जमिन भासिन जाँदा ३ घर पुर्ण रुपमा क्षेती भएको , १५ घरको १२७ जना  र ऐ.बसेनी स्थितमा रहेको १३ घरको संख्या एकिन नभएको उच्च जोखिममा रहेको भन्ने खवर २०७८।०३।२९ गते गा.पा. कार्यालयमा निवेदन दिएको भन्ने ०४/०१ गते खबर  प्राप्त हुन साथ नेपाल प्रहरी र स.प्र.वल को गरी २७ जनाको टोली खटिई सबै घर धुरीका परिवारहरुलाई हुप्सेकोट गा.पा.१जुगेपानी स्थितरहेको ज्ञान ज्योती मा.बि र बेलुवा र  जनता मा.बि.मा स्थानन्तरण योजना रहेको। | | |

| सि.न. | जिल्ला | घटना विवरण | मृत्यु | बेपत्ता | घाईते | भौतिक क्षति-निजि घर | | भौतिक क्षति सार्वजनिक पुल,सडक,विद्यालय | आयोजनाको क्षती | उद्धार तथा प्रतिकार्य भएको | तत्काल गर्नुपर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | | | | | |
| ४३ | पर्वत | खोलाले बगाई | २ | १ | २ | ० | ० | | | राती अ. ०१:००बजेको समयमा कुस्मा न.पा.८ दाँबल्ला स्थित दाँबल्ला खोलामा ढुङ्गा माटो सहितको लेदो आइ लामा कन्ट्रक्सनमा काम गर्ने २ जना कामदार बेपता भएको भन्ने खबर प्राप्त हुन साथ नेपाल प्रहरी,नेपाली सेना र स.प्र.बल बाट गरी ६० जना जनशक्ति खटिई गएको खो.त.कार्य जारी। ऐ. कन्टक्सनको गाडि समेत बगाएको, खो.त.गर्ने क्रममा घटना स्थलबाट १ मो.सा. फेला परेको अन्य खोजी कार्य भैरहेको,<br>बेपत्ताको नामावली **१. साईड ओबरसेयर -राजाराम आचार्य २. चालक - बर्ष ३५ को ईन्द्र थारु मिति २०७८।०४।०२ गते चितवन स्थित राष्ट्रिय निकुञ्जको एरिया अन्तर्गत नारायणी नदीको किनारमा फेला परेको लामा कन्ट्रक्सनको व्यक्तिहरुले पहिचान गरेको।**<br>**५।०३ गते जलजला गा.पा.३ कालीपुल स्थितमा ग्यारेजमा काम गरिरहेको अबस्थामा माथिबाट पहिरो गई ग्यारेजमा काम गरिरहेका मिस्त्री भारत बिहार घर भएको वर्ष १८ को शाही तुला अन्सरी घाईते, र धनुषा ८ औरहि घर भएको वर्ष ३५ को राजिब ठाकुर घईते,दुबै घाईतेको बेनी हस्पिटल म्याग्दीमा उपचार हुदै ,उक्त पहिरोमा ध१ज९८६ नं.को भ्यान पुरीएको अवस्थामा रहेको र ग१ज ६६३२ नं.को जिपलाई पहिरोबाट निकालिएको,उक्त जिपको चालक(साहु) जिल्ला म्याग्दी अन्नपुर्ण गा.पा.८बस्ने बर्ष अं.३८ को टेकमान गर्भुजा सम्पर्कमा नरहेको,प्रहरी टोली खटिई गई ऐ.१७:५० बजे पहिरोमा परिएको अवस्थामा ग१ज ६६३२ नं.को जिपको चालक(साहु) जिल्ला म्याग्दी अन्नपुर्ण गा.पा.८बस्ने बर्ष** | | |
| ४४ | म्याग्दी | बाढी | २ | ० | १ | २ | ० | | | मंगला गा.पा. ५ छिस्बाङ स्थित खहरे खोलामा आएको बाढिले घर भत्किदा मालिका गा.पा. ६ दुखु घर भई हाल पसल गरि बस्ने बर्ष अं.२२/२३ को **गजिन रोका र निजको श्रीमति वर्ष अं.१९ को बिना रोका** लाई सोही घरले पुरि घटना स्थलमै मृत्यु भएको,भन्ने खबर प्राप्त हुन साथ प्रहरी टोली **खटिई गई दुबै लाश निकालिएको।**<br>**अन्नपुर्ण गा.पा.३ काभ्रेभिर स्थितमा दाना बाट मुस्ताङ घाँसा तर्फ जादै गरेको लु ३४ प ५०८ नं. को मो.सा. पछाडी सवार रोल्पा सुनसरी गा.पा. ३ घर भऐको बर्ष अं-२८ को बिशाल घर्ती लाई बाटो माथी बाट ढुङा खसी घाईते भई उपचारको लागी बेनी अस्पताल तर्फ पठाईएको ,अबस्था मध्यम।** | | |
| ४५ | बाग्लुङ | पहिरो | ० | १ | ० | ३ | २ | | | अ.०३:३० बजे समयमा अबिरल वर्षादको कारण ताराखोला गा.पा. ३ घुस्मेली स्थित अर्खालबोट माथिबाट पहिरो आई ऐ. बस्ने कृष्ण बहादुर कार्कीको घरको छेउमा रहेको १ तले कच्चि गोठमा सुतिरहको निजको छोरा **वर्ष १८ को राजेन्द्र कार्की बेपत्ता भएको, परिवारमा ६ जना सदस्य रहेको, निजहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको,** प्रहरी टोली खटिई गएको,खो.त. कार्य जारी,१ तले होटल समेत पुरिएको।<br>निसीखोला गा.पा.०५ बर्ष ३८ की रेनु बि.क को घर माथी बाट पहिरो आई दुई तले कच्ची घर पुर्ण रुपमा क्षेती भएको।परिवारका ५ सदस्य लाई आफन्तको मा स्थानान्तरण गरिएको | | |
| ४६ | दार्चुला | पहिरो | ५ | ० | ४ | ५ | ० | | | नौगाड गा. पा.३ खार पारिवगर बस्ने बर्ष २९ को लक्ष्मण सितोली घट्ट जाने क्रममा सोही ठाउंमा पहिरोले च्यापिएर बेपत्ता भएको। पुरिएको अबस्थामा लाश फेला परेको। ऐऐ.३ खारमा गोठे टमाटाको १ घर पहिरोले च्यापि क्षती भएको ।नौगाड गा.पा.३ खार चौखुट्टे नन्दु ठगुन्नाको २ तले घर पुर्ण रुपमा क्षती भएको र अर्को २ तले घरको ४ कोठा आधा भाग भत्किई बर्ष ७२ की गेउडी ठगुन्ना,निजकै नातिनी मनि राम ठगुन्ना र निजको छोरी ३ महिनाकी मन्जरि ठगुन्नाको च्यापिई घटनास्थलमा नै मृत्यु भएको, प्रहरी टोली खटिई गएको।<br>मृत्यु- ३जना बर्ष १८ की हरिमती ठगुन्ना घाईते भएको।३/२५ गते नौगाड गा.पा.५ घट्टे कृष्ण सिंह धामीको घर माथीबाट ठुलो ढुङगा खस्न गई घर पुर्ण रुपमा क्षती भएको,निजकी श्रीमति बर्ष ३६ की फागुनी धामीको टाउकोमा चोट अबस्था सामान्य स्थानीय मेडिकलमा उपचार हुँदै। निजको घर परिवारलाई जलदेवी आ.भु.विद्यालयमा राखिएको।<br>व्यास गा.पा.३ राप्ला बस्ने बर्ष ५५ कि वेलु देबी वुढाथोकी र वर्ष ५५ की जयमती वुढाथोकी घरवाट तुसार भन्ने स्थानमा वाटोमा हिंडीरहेको अबस्थामा माथिबाट पहिरो आई वेलु देबी वुढाथोकी पहिरोले च्यापी बेपत्ता भएको र जयमती वुढाथोकी घाईते भएको,प्रहरी टोली खटिई गएको,खो.त. कार्य जारी ११:०० बजे मृत अबस्थामा लाश फेला परेको।<br>अपिहिमाल गा.पा.४ विथ्या स्थित मकरि गाड हाईड्रपावको पाईप लाईनमा साईड हेर्न खटिएको अबस्थामा भिर माथि बाट ढुङगा खसी बर्ष २६/२७ को गणेश सिंह बोहोरा लाई लाग्न जांदा स्थानीय द्धारा उपचारको लागी लटिनाथ स्वास्थ्य चौकी ल्याउदै गर्दा बाटोमा नै मृत्यु भएको।<br>मार्मा गा.पा.२ मटेला बस्ने बृखलाल भट्टको खरले छाएको २ तले घर भत्किन गई निजको श्रीमति बर्ष ४७ की पदमा भट्ट घाईते भई उपचारको लागी स्वास्थ्य चौकी लटिनाथ तर्फ ल्याउदै गरेको। | | |
| ४७ | वैतडी | बाढी | ० | ० | ० | ४ | ४ | मन्दीर २ प्रतिक्षालय - १ | | ।ढिकगाड खोलामा आएको बाढिले दोगडाकेदार गा.पा.२ ढिकगाड खोलाको आसपासमा रहेका घमाल, रिमताला, मुलगाउ लगाएत गाउका सार्वजनिक ४ वटा पानि घट्ट बगाएको। २)ऐ.स्थित खोलाको किनारमा रहेका दोगडा भुमिराजको पक्कि मन्दिर र चनैराज मन्दिरको गरी जम्मा-२ वटा मन्दिर र एक सार्वजनिक प्रतिक्षालय बगाएको। मदन जोशीको घरको दक्षिण पट्टीको कुना भत्केको, उक्त घरका १२ जना आश्रित परिवार छिमेकी प्रमानन्द कलौनिको घरमा बसेको ।डिलासैनी गा.पा.२ छेपट्टा स्थित धर्म बोहराको अबिरल बर्षाका कारण घरको माथिबाट पहिरो कच्चि घर पुर्ण रुपमा क्षति, उक्त घरका ८ जनाको परिवार ऐ.स्थित महेश बोहराको घरमा बसेको,मानवीय क्षती नभएको।<br>पुर्चौडी न.पा.९ तल्लादेही स्थीत अबिरल बर्षाको कारण घर माथीबाट पहिरो आउंदा निम्नानुसार क्षती भएको।<br>निम्न<br>पुर्ण घर-२,आंशिक - २ र जोखिम-२ ३१ जना मानिसहरुलाई विद्यालय र आफन्तको घरमा स्थान्तरण गरेको। | | |
| ४८ | तेहथुम | पहिरो | ० | ० | ० | १ | ० | | | छथर गा.पा.५ थानापुङ बस्ने बर्ष ४३ को गिरीराज लिम्बुको ढुङ्गामाटोले बन्दै गरेको ३ तल्ले घर टिन लगाउन बाकिँ रहेकोमा अबिरल परेको बर्षाको कारणले पुरै घर भत्किई क्षति भएको। | | |
| ४९ | धनकुटा | पहिरो | ० | ० | ० | १ | ० | | | महालक्ष्मी नपा ६ बस्ने बर्ष ३२ को दिल ब. दर्जीको १ तले कच्ची घर अविरल बर्षातको कारण पुर्व पट्टीको वाल भत्कि पुर्ण रुपमा क्षति भएको। | | |
| ५० | नुवाकोट | पहिरो | १ | ० | २ | ४ | ० | | | दुप्चेश्वर गा.पा.७ शिखर वेशी स्थित ऐ.ऐ.बस्ने वर्ष ६५ को रामचन्द्र नेपाली र निजको छोरा अ. वर्ष ३५ को रामकृष्ण नेपालीको घर माथीबाट ढूङ्गा खसि राम चन्द्र नेपाली र राम कृष्ण नेपालीको घर पुर्ण रुपमा क्षती भएको,राम कृष्ण नेपालीको छोरी अ. वर्ष १६ कि अस्मिता नेपालीको घाईते भई उपचारको लागी काठमाण्डौ स्थित ट्रमा सेन्टरमा पठाईएको।<br>बिदुर न.पा.वडा नं.१बान्द्रे बस्ने बर्ष ३५ को राजु विश्वकर्माको ब्लकले बनाएको १ तले घरमा माथिबाट पहिरो आई घरमा क्षती पु-याई निजको श्रीमती अ. वर्ष ३४ को अमृता विश्वकर्मा घाईते भई उपचारकोलागी जिल्ला अस्पताल त्रिशुली नुवाकोटमा पठाईएको अवस्था सामान्य।<br>बेलकोटगढी न.पा.५ कालधारा बस्ने बर्ष ४० को बिष्णु प्र.लामिछाने करेसामा भल काट्दै गर्दा घरभन्दा २० मिटर माथिबाट पहिरो खसि निजलाई पुरेकोमा स्थानिय र प्रहरी द्वरा लास निकालेको। घरमा पानी रसाएकोले बस्न नमिल्ने, छिमेकीको घरमा बसेको | | |
| ५१ | भोजपुर | बर्षा | ० | ० | ५ | २ | ० | | | पौवादुम्मा गा.पा. ४ माने डाँडा वस्ने जित वहादुर राईको २ तले घरको पश्चिम तर्फको वाल अविरल वर्षाको कारण पुर्ण रुपमा लडि क्षेति भएको, तत्काल घरमा वस्न सक्ने अवस्था नरहेको कारण ३ जना परिवार सहित छिमेकीको घरमा आश्रय लिई वसेको।<br>राम प्रसाद राई गा.पा. वडा न. ४ दल गाउ बस्ने तेज बहादुर दर्जिको कच्चि घर अचानक लडि पुर्ण रुपमा क्षति भएको, सोहि घर भित्र सुति रहेका १)बर्ष २२ को किसान दर्जि (भित्री चोट तत्काल बोल्न सक्ने अवस्था )। २. बर्ष १८की रिना दर्जि (भित्री चोट) ३. बर्ष १६ की अमिता दर्जी (भित्री चोट) ४. बर्ष १६ कि मञ्जु दर्जी ( सामान्य ) ५. बर्ष ८ कि रिता दर्जी (सामन्य ) सबै जनलाई जिल्ला अ. भोजपुर ल्याउदै। | | |
| ५२ | सल्यान | पहिरो | १ | ० | ३ | १ | ० | | | बनगाड कुपिण्डे न.पा.११ गंगटे पक्की भेरी हाईवय होटेल को जगको जमिन भासिन गई पुर्ण रुपमा भत्किएको बर्ष १३ को युबराज डाँगी र बर्ष ५० को लिल बहादुर रावत दुबै जना को खुट्टा र हातमा सामन्य चोट लागि उपचारको लागी स्वास्थ्य चौकी मेलकुना सुर्खेत तर्फ पठाएको।<br>छत्रेश्वरी गा.पा.४ जुटढुङगा बस्ने वर्ष ३२ कि डिल्ली ओली र निजको छोरा वर्ष १२ ओमकार ओली ऐ.ऐ.४ गगनपानी स्थित गाईगोरु चराई घर फर्कदै गर्दा गगनपानी खोला तर्ने क्रममा अबिरल वर्षाको कारण एक्कासी माथिबाट बाढी आई आमाछोरालाई बगाएकोमा आमा नजिकै बेहोस अवस्थामा फेला परेको र छोरा २०० मिटर तल मृत अबस्थामा फेला परेको | | |
| ५३ | ओखलढुङगा | पहिरो | ० | ० | ० | ३ | ४ | | | आंशिक-४ घर पुर्ण -२ घर क्षती भएको।<br>अबिरल बर्षाको कारण शुनकोशी गापा २ पिपलडाडा बस्ने मेख बहादुर तामाङको घर भन्दा माथिल्लो कान्ला लडी घरको १ तल्ला पुरिएको र घर समेत भासिएको,सो घरमा बसोबास गर्न नमिल्ने हुदा तत्काल आश्रीत ३ जनाको परिवार निजकै छोरा सबिन कुमार तामाङको घरमा स्थान्तरण भई बसेको,प्रहरी टोली खटिई गएको। | | |

| सि.न. | जिल्ला | घटना विवरण | मृत्यु | बेपत्ता | घाईते | भौतिक क्षति-निजि घर | | भौतिक क्षति सार्वजनिक पुल,सडक,विद्यालय | आयोजनाको क्षती | उद्धार तथा प्रतिकार्य भएको | तत्काल गर्नुपर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | | | | | |
| ५४ | डडेल्धुरा | पहिरो | ० | ० | १ | ० | १ | | | डडेल्धुरा गन्यापधुरा गा.पा.३ चोरेला कच्ची घर बर्षातका कारण घरको दिवाल भत्किन गई सोही घरमा बस्न गएकी छिमेकी बर्ष १३ की कुमारी भुलको घाईते भई उपचारको लागी डडेल्धुरा अस्पताल डडेल्धुरा पठाएको, अवस्था मध्यम,४ जना परिवारलाई छिमेकीको सारिएको । | | |
| ५५ | रुकुम पुर्व | पहिरो | ० | ० | १ | १ | ० | | | २०७८।०४।१५ गते ०१:१० बजे भुमेगाँउपालिका २ सैपातुङ स्थित मध्यपहाडी लोकमार्गमा हिडिरहेको स्थानिय बर्ष ३० को रुजिधन बुढालाई माथिबाट एक्कासि पहिरो आई ढुङगाले टाउकोमा लाग्दा घाईते भई उपचारकोलागी जिल्ला अस्पताल रुकुमकोटमा ल्याउंदै,अबस्था गम्भिर ।<br>भुमे गा.पा.८ पाछावाङ वस्ने देबेन्द्र रोकाको अविरल वर्षाको कारण पहिरो आई घर पुर्णरुपमा क्षति भएको,निजको १० जना परिवार हाल आफ्नै छिमेकी घरमा वस्दै आएको,प्रहरी टोली खटिई गएको । | | |
| ५६ | कैलाली | डुङगा पल्टिएको | २ | २ | २ | १ | ० | | | मोहन्याल गाउँपालिका ३ रागाँ मलेखाबाट कर्णाली नदिमा काठको डुंगामा सवार भएका १० (दश) जना मानिसहरु चौकुने गाउँपालिका वडा न. ०४ सुर्खेत स्थित स्वास्थ्य चौकीमा बच्चालाई खोप लगाउन जाने क्रममा उक्त डुंगा पल्टिँदा सोही डुंगामा सवार मध्ये ५ जना सकुशल २ जना घाईते र ३ जना बेपत्ता भएको,खो.जि कार्य जारी ।<br>वेपत्ता -१. ऐ.ऐ. बस्ने वर्ष २० की उर्मिला सलामी मगर । **मिति २०७८।०४।२५ गते लम्किचुहा न.पा.३ कर्णाली नदीको बिच भागमा लाश फेला परेको ।**<br>२. ऐ.ऐ. बस्ने निजको १० दिनको बच्चा ।<br>३. ऐ.ऐ. बस्ने वर्ष २० की पार्वती थापा<br>१.ऐ.ऐ. बस्ने बर्ष १९ की धनसरा सलामी मगर घाईते भई अबस्था गम्भिर, १४:४० बजे घटनास्थलमा नै मृत्यु भएको । | | |
| ५७ | रुकुम पश्चिम | पहिरो | १ | ० | २ | १ | ० | | | मुसिकोट न.पा. ३ खरखरे स्थित मध्य पहाडी लोकमार्गमा सडक माथिबाट सुख्खा पहिरो सानीभेरी गा.पा. ११ बस्ने बर्ष ५५ कि देउरुपा खड्का र ऐ मुसिकोट न.पा. ३ माछमी बस्ने बर्ष अ. ४९/५० को लाल बहादुर खड्का पैदल हिडीरहेका अवस्थामा माथिबाट पहिरो आई च्यापिई पुरिएको भन्ने खबर प्राप्त हुनसाथ प्रहरी टोली खटिई गई निजहरुलाई उद्धार गरी उपचारको लागि जि.अस्पताल रुकुम पश्चिम पठाईएको, अवस्था गम्भिर ।<br>आठबिसकोट न.पा. वडा नं.०७ डाफे बस्ने डण्डे कामीकी श्रीमति २ वटा छोरा र छोरी बर्ष ९ की लाल मति कामी आफ्नै घरमा सुतिरहेको अवस्थामा अबिरल बर्षाका कारण १ तले खरले छाएको कच्ची घर भत्कन गई निजकी छोरीको मृत्यु भएको र अन्य सकुशल रहेको, प्रहरी टोली घटना स्थलमा खटी गएको । | | |
| ५८ | रसुवा | पहिरो | ५ | ० | १ | ५ | ० | | | गोसाईकुण्ड गा.पा. ५ पुरानो स्याफ्रुमा बस्ती माथीबाट ढुङ्गाहरु खसी ४ घर पुर्ण क्षती,७ घर सामान्य क्षती भएको,मानविय क्षेती नभएको,सामान्य वर्षा भैरहेको र पुनः ढुङ्गा खस्न सक्ने जोखिम रहेकोले आफन्तको सारिएको । ०४/३० गते अं. १२:४५ बजेको समयमा लाङटाङबाट स्याफ्रू फर्कने क्रममा रसुवा गोसाईकुण्ड गा.पा. ४ माथीबाट ढुङ्गा खसी लाग्दा धादिङ घर भएको बर्ष ४५ को राजु लामालाई लाग्न जाँदा गम्भीर घाईते,,घाईतेलाई उद्दारको लागि हे.क. सँग समन्वय भईरहेको ।<br>ऐ. १९:३० बजे निज घाईतेको मृत्यु भैसकेको,घटनास्थल सुरक्षित राखिएको,लाश ल्याउने पहल भईरहेको,७ घण्टा पैदल लाग्ने ।<br>०५।०३ गते नौकुण्ड गा.पा. ५ कोलडाडा बस्ने श्याम ब.गलान(तामाङ) को घरमाथीबाट पहिरो आई घर पुरिन जांदा ५ जनाको परिवार रहेको भन्ने बुझिएको, बर्ष ३६ को श्याम ब.गलान(तामाङ) लाई घाईते अवस्थामा उद्धार गरि,उपचारको लागी त्रिशुली अस्पताल लगेकोमा थप उपचारको लागि काठमाण्डौ ट्रमा सेन्टर ल्याईएको, निजको श्रीमती बर्ष ३२ कि कमला गलान, छोरी बर्ष ८ की सुक माया गलान बर्ष ११ की सोफिका गलान र बर्ष ७ को छोरा आषिश गलानको मृत अवस्थामा लाश फेला परेको । | | |
| ५९ | गुल्मी | पहिरो | ० | ० | १ | ० | ० | | | ४।२९ गते वर्षाका कारण मुसीकोट न.पा. १ थामा बस्ने बाल कृष्ण घिमिरेको कच्ची गोठ भत्कन जाँदा गोठमा बाधीराखेको भैसीको पाडा १ च्यापी मृत्यु भएको, चौपायको उद्दार गर्ने क्रममा निजकै छोरा वर्ष २३ को सुबास घिमिरे घाईते भई उपचारको लागी लुम्बिनी मेडिकल कलेज पाल्पा पठाइएको , अवस्था मध्यम । | | |
| ६० | कपिलवस्तु | खोलाले वगाई | १ | ० | ० | ० | ० | | | ४।२८ गते बाणगंगा न.पा. ९ चौवा खोला अर्घाखाची बाट बुटवल तर्फ आउदै गरेको लु.२ च ५९०० न. को पिक अप बोलेरोमा सबार रुपन्देही उ.म.न.पा.१२ नयाँगाउ बस्ने बर्ष ४२ को पशुपति पौडेल खोलामा पानिको बहाब के कति छ भनि नाप्न जाने क्रममा सोहि खोलाले बगाई बेपत्ता भएकोमा ०४।३१ खो.त. गर्दै जाने क्रममा महाराजगंज न.पा.८ सिंग्राहा वाणगंगा नदिमा उक्त लाश फेला परेको । | | |
| ६१ | न.प.पश्चिम | अबिरल बर्षा | ० | २ | २ | १ | ० | | | प्रतापपुर गा.पा. ५ धर्मौली बस्ने बर्ष ७० लखराज भेडियारको माटोको गारो र खप्टाले छाएको कच्चि घर अबिरल बर्षको कारण भत्किन गई निम्न दुई जना ब्यक्तीहरु च्यापिएको अवस्थामा रहेको निजहरुलाई उद्धार गरी उपचारको लागी सहिद स्मृती सामुदायिक अस्पताल पठाईएको ।<br>१ प्रातापपुर गा.पा. ५ धर्मौली बस्ने बर्ष ७० लखराज भेडियार र श्रीमती बर्ष ६५ को लालदेही भेडियार घाईते, अवस्था मध्यम ।<br>५।०१ गते सुस्ता गा.पा.-३ रेवा स्थित नारायणी नदीमा निम्न स्थान बस्ने निम्न नाम थर वतन भएका ५ जना ब्यक्तिहरू काठको डुङ्गामा माछा मार्न गएकोमा उक्त व्यक्ति सवार डुङ्गा नदिमा पल्टिन गई डुङ्गामा सवार २ जना बेपत्ता, ३ जना ब्यक्तिहरु पौडी खेली शकुसल बाहिर निस्कीएको,प्रहरी टोली खटिइ गएको,बेपत्ताको खो.त कार्य जारी ।<br>१) न.प.पश्चिम सुस्ता गा.पा.३ रेवा बस्ने वर्ष -४३ को मंगल बिन डुबि बेपत्ता ( डुंङ्गा साहु आफै) २) भारत बिहार भैसालोटन बस्ने नाम थर नखुलेको वर्ष - ३० को पुरुष ब्यक्ति डुबि बेपत्ता । अन्य ३ जना पौडी खेली बाहरि निस्किएको | | |
| ६२ | बैतडी | पहिरो | ० | ० | ० | २ | ० | | | पाटन न.पा.१० डुब्के बस्ने हर्क बहादुर कुवर र हिक्मत कुवरको कच्चि घरको माथिबाट पहिरो आई घर पुर्ण रुपमा क्षति भएको,भैसी ३ वटा, गाई २ वटा, बाख्रा ५ वटा, कुखुरा २५ वटा समेत क्षति भएको । | | |
| जम्मा | | | ८४ | ४१ | ९१ | ७३२ | १६४ | | | | | |

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**राष्ट्रिय आपत्कालिन कार्य संचालन केन्द्र**

**मनसुनजन्य घटना विवरण -**

**२०७८।०५।०७ गते समय -१७:०० बजे सम्म**

| सि.नं. | घटना मिति | जिल्ला | स्थान | घटनाको विवरण | मृत्यु | वेपत्ता | घाईते | घर | घटनाको छोटकरी विवरण / गरेको प्रयास | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७८।०५।०७ | कास्की | पोखरा म.न.पा.२४ कास्कीकोट | अबिरल बर्षा | ० | ० | ० | १ आंशिक | ५।०६ गते पोखरा म.न.पा.२४ कास्कीकोट स्थित बस्ने बर्ष ७८ को उमानाथ च्वाईको कच्ची घरको पुर्व पट्टीको भान्छा कोठा भत्किन गई भान्छा कोठा पुर्ण रुपमा क्षती भएको उक्त घरमा २ जनाको परिवार रहेको, निजहरु सोही घरको अर्को कोठामा बसेको, अन्य क्षती नभएको। | |
| | | | पोखरा | अबिरल बर्षा | ० | ० | ० | ० | पोखरा म.न.पा.९ महेन्द्रपुल स्थित महेन्द्र पुल बाट पालिखे चोक जाने बाटो ९ मीटर,८ मीटर चौडाई र ४ मीटर गहिराई भासिएको,वालुवा राख्ने काम भईरहेको,पानी परिहरेको, भल तर्काउने कार्य भईरहेको। ०९: बजे अपडेट | |
| **जम्मा** | | | | | ० | ० | ० | १ | | |

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**राष्ट्रिय आपत्कालिन कार्य संचालन केन्द्र**

**राजमार्ग अबरुद्ध विवरण-**

**मिति २०७८।०५।०७ अध्यावधिक समय १७:०० बजे**

| सि.नं. | प्रदेश | जिल्ला | मिति | स्थान | राजमार्गको नाम | प्रयास | सुचारु मिति |
|---|---|---|---|---|---|---|---|
| १ | १ नं. प्रदेश | मोरङ्ग | २०७८।०३।१८ | रतुवामाई न.पा.३ चौकीघाट | हुलाकी राजमार्ग | बाढीको कारण पुल कटान गरेको। | |
| २ | वागमती प्रदेश | सि.पा. | २०७८।०३।०५ | भोटेकोशी गा.पा. २ लिपिङ | हिमरिभर हाईड्रोपावर जाने | चिनवाट आयात गरी ल्याउने सवारी साधन पुर्ण | |
| | | | २०७८।०५।०६ | भोटेकोशी गा.पा. ४ डाक्लाङ | अरनिको राजमार्ग | ३०।३५ मी.सडक भासिन गई अवरुद्ध भएको। | सुचारु |
| | | | २०७८।०५।०६ | वाहविसे न.पा.९ जुरे | अरनिको राजमार्ग | माथीबाट पहिरो आई अबरुद्ध भएको। | One Way सुचारु |
| | | | २०७८।०४।१८ | भोटेकोशी गा.पा. २ चित्रे | अरनिको राजमार्ग | सडक भासिन गई अबरुद्ध भएको। | One Way सुचारु |
| | | चितवन | २०७८०३।२० | ईच्छाकामना गा.पा ३ फिस्लिङ | पृथ्वी -राजमार्ग | लम्वाई ३० मीटर चौडाई १६ मीटर भासिएको कारण | One Way सुचारु |
| | | काभ्रे | २०७८।०३।१७ | रोशी गा.पा.१२ माच्मेखोला | वि.पि. राजमार्ग | बर्षायामको समयमा माथीबाट लेदो आईरहने हुनाले एकतर्फि मात्र सुचारु हुने | One Way सुचारु |
| | | नुवाकोट | २०७८।०४।१४ | विदुर न.पा.२ मैथली | गल्छी-रसुवा | सडक १० मीटर भत्किन गएकोले अबरुद्ध। | One Way सुचारु |
| | | मकवानपुर | २०७८।०५।०७ | बकैया गा.पा.१२ ठिंगन | हेटौडा ठिंगन हुदै ललितपुर | सुख्खा पहिरो झरि अबरुद्ध भएको। | |
| | | सिन्धुली | २०७८।०४।१९ | गोलाञ्जोर गा.पा.७ भालुखोला | बि.पी राजमार्ग | पहिरोको कारण अवरुद्ध भएको । | |
| ३ | गण्डकी प्रदेश | मनाङ्ग | २०७८।०३।०१ | नासोङ गा.पा.३ र ९ धारापानि | मनाङ्ग-बेसिशहर | पहिरोको कारण अवरुद्ध भएको । | |
| | | मुस्ताङ | २०७८।०५।०५ | छासाङ गा.पा. ४ घोप्टेभिर | वेनिजोमसोम | सुख्खा पहिरो आई अवरुद्ध भएको। | One Way सुचारु |
| ४ | सुदुरपश्चिम प्रदेश | वाजुरा | २०७८।०३।०४ | वुढिनन्दा न.पा.२ दाङसाघुँखोला | मार्तडी-कोल्टी सडकखण्ड | नदिले सडक कटान गरेको पूर्णरुपमा अवरुद्ध भएको | |
| | | | २०७८।०३।२७ | वुढिगंगा न.पा.१ अमकोट | सांफे - मार्तडी | पहिरो गई सडक अबरुद्ध भएको। | |